कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड

# Manakamana Engineering Hydropower Limited

रजिष्ट्रर्ड कार्यालय : अनामनगर-२९, काठमाडौं , फोन नं. : ०१-४१०२६०६
इमेल : hydromanakamana@gmail.com, वेभसाईटः www.hydromanakamana.com.np

**को**

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये १०% अर्थात् रु. ८,००,००,०००/- (अक्षरेपी आठ करोड मात्र) रकम बराबर को रु. १००/– अंकित दरका ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५, ६, ७ र ८ बिगु गाउँपालिका वडा नं. ४ र कालिन्चोक गाउँपालिका वडा नं. ३ का बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँट गरिएको र बाँकी २५% अर्थात् रु.२०,००,००,०००/– (अक्षरेपी बीस करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २०,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,००,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरी बाँडफाँट गरिएको, २% अर्थात् ४०,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि निष्काशन गरी बाँडफाँट गरिएको र ५% अर्थात् १,००,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरी सर्वसाधारणको निमित्त निष्काशन गर्न लागिएको १६,६०,००० कित्ता साधारण शेयरमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिएको शेयरको पूर्ण रुपमा बिक्री नभई बाँकि रहन गएको ६,१६,६२० कित्ता समेत थप गरी जम्मा २२,७६,६२० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ।

## कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७६/०७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/०७९ | चैत्र मसान्त २०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | ७७ | ७४ | ६९ | ८१ | ८३ | ८७ |
| प्रति शेयर आम्दानी (रु.) | | (२३.११) | (८.३७) | (५.७१) | (२.७६) | २.८० | ३.४५ |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | | (८९,७६१.२५) | (१,३४,१०४.१२) | (१६३,७९२.२५) | (१,५५,३७८.६४) | (१३३,००२.४१) | (१०५,३७१.९४) |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### प्रति मेगावाट लागत सम्बन्धी विवरण

संगठित संस्थाको आ.व.२०७८/७९ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत लगभग रु. २७ करोड ८७ लाख १५ हजार मात्र (निर्माण अवधिको व्याज सहित) रहेको छ। घट्टेखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको र उक्त आयोजनाको आ.व.२०७८/०७९ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार कुल लागत रु. १,३९,३५,७५,००० रहेको छ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण

अनुमतिपत्र बहाल रहने अवधि मिति २१०७/०३/२३ सम्म रहेकोले २७ वर्ष ०१ महिना बाँकी रहेको छ।

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ११.५८ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) २७.७८ वर्ष रहेको छ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) (पृष्ठ संख्या १६ र १७) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिनु हुन सुझाव गरिन्छ।

### नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### इस्युअर रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७९/०५/२९ गते "CARE-NP BB(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्ग को वैधता अवधि एक वर्ष अर्थात् २०८०/०५/२८ गते सम्म रहनेछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ संख्या ३५) मा उल्लेख गरिएको छ।

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा कर्मचारीहरुको लागि बिक्री वितरण गरेको शेयरका हकमा सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृती प्राप्त मितिः २०८०/०३/०५ गते**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०८०/०३/०८ गते**

| साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मितिः | २०८०/०४/२८ गते |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८०/०४/३१ गते (बैकिङ्ग समय पश्चात्) |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०८०/०५/१० गते (बैकिङ्ग समय पश्चात्) |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

## बि.ओ.के. क्यापिटल मार्केट लि.

## B.O.K Capital Market Ltd.

A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क)** "**विवरणपत्र**" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले बि.ओ.के.क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंलाई सम्झनु पर्दछ।

**ग)** "**धितोपत्र**" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई जनाउँदछ।

**घ)** "**संगठित संस्था/कम्पनी**" भन्नाले निष्काशनकर्ता कम्पनी मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ।

**ङ)** "**संकलन केन्द्र**" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामसाथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

**च)** "**निष्काशन बैंक**" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बैंकलाई सम्झनु पर्दछ।

**छ)** "**नियमन निकाय**" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ।

**ज)** "**संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन**" भन्नाले मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

**झ)** "**बोर्ड**" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

**ञ)** "**स्थानियवासी**" भन्नाले आयोजनाबाट प्रभावित भएको क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५,६,७ र ८, बिगु गाउँपालिका वडा नं. ४ र कालिन्चोक गाउँपालिका वडा नं. ३ मा स्थायी रुपमा बसोवास गर्ने नेपाली तथा यस कम्पनीले आव्हान पत्र प्रकाशित भएको मिति भन्दा अघिल्लो मितिसम्म सोही स्थानमा बँसाईसराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ।

**ट)** "**वित्तीय विवरण**" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ।

**ठ)** "**प्रतिशेयर नेटवर्थ**" भन्नाले नेटवर्थलाई कम्पनी वा संस्थामा रहेको जम्मा शेयर संख्याले भाग गर्दा आउने प्रतिफल सम्झिनुपर्दछ।

**ड)** "**प्रति शेयर आम्दानी**" भन्नाले कम्पनीले गरेको खुद आम्दानीलाई कायम रहेको शेयर संख्याले भाग गर्दा आउने मूल्यलाई सम्झनु पर्दछ।

**ढ)** "**साधारण लगानीमा फिर्ता हुने अवधि**" भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझिन्छ

**ण)** "**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि**" भन्नाले परियोजनाको लाभ निर्धारण गर्नको लागि गरिने एक पूँजी बजेट प्रक्रिया डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि हो। यो परियोजनाको सम्भाव्यता र नाफा मूल्याङ्कन गर्न प्रयोग गरिन्छ।

## ख .२.विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :

**विवरणपत्र पाइने स्थानहरुः**

| सि.न. | विवरणपत्र पाइने स्थानहरु |
|---|---|
| १. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं। |
| २. | मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको रजिष्ट्र्ड कार्यालय अनामनगर-२९, काठमाडौं। |

साथै, **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**को **वेभसाइट www.bokcapital.com.np** तथा **निष्काशनकर्ता कम्पनी**को **वेभसाइट** www.hydromanakamana.com.np वा **नेपाल धितोपत्र बोर्ड**को **वेभसाइट www.sebon.gov.np** बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

ग.

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारीहरु तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

### ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । आ.व.०७८/०७९ सम्मको विवरणहरु पेश गरेको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा मिति २०७९/०९/२१ मा कम्पनी रजिष्ट्रारले पत्र मार्फत स्वीकृती प्रदान गरेको छ ।

### ग.२. घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

## ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क.संगठित संस्थाको पृष्ठभूमि

क) **संगठित संस्थाको नाम** : मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड (Manakamana Engineering Hydropower Limited)

ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७ साल साउन ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७८ साल आषाढ २५ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

ग) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-२९, अनामनगरमा रहेको छ। आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ।

घ) **कारोबार गर्ने मुख्य स्थान** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं ०७ स्थित घट्टेखोलामा रहेको छ।

ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु** :

**कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहीचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने अभिप्रायले मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम मिति २०६७ साल साउन ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७८ साल आषाढ २५ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ ।
२. कम्पनीले घट्टेखोला जलविद्युत आयोजना (५ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति वि.सं.२०७२/०३/२४ गते प्राप्त गरेको र उक्त अनुमति पत्र २१०७/०३/२३ गतेसम्म बहाल रहेको छ ।

३. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये जारी पूँजीको ६५% अर्थात रु ५२,००,००,०००/- (अक्षरेपी बाउन्न करोड मात्र) शेयर संस्थापकका लागि, १०% अर्थात् रु. ८,००,००,०००/- (अक्षरेपी आठ करोड मात्र) शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५, ६, ७ र ८ बिगु गाउँपालिका वडा नं. ४ र कालिन्चोक गाउँपालिक वडा नं. ३ का बासिन्दाहरुको लागि र बाँकी २५% अर्थात् रु.२,००,०००,०००/- (अक्षरेपी बीस करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २०,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,००,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि, ५% अर्थात् १,००,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ४०,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १६,६०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि शेयर सर्वसाधारणका लाई छुट्याइएको छ। यसरी छुट्याइएको मध्ये प्रभावित क्षेत्रबाट माग गरे बमोजिम दरखास्त प्राप्त नभएमा सर्वसाधारणमा थप गरी शेयर निष्काशन गरिनेछ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं ०७ अन्तर्गत घट्टेखोला जलविद्युत आयोजना (५ मेगावाट) विद्युतनिर्माण कार्य सम्पन्न भइ यस कम्पनीले मिति २०७७ कार्तिक २३ गतेदेखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा ल्याइसकेको छ।

५. ५ मेगावाट क्षमताको यस आयोजनाको आ.व. २०७८/०७९ सम्म कुल लागत १,३९,३५,७५,००० मात्र रहेको छ र यसको **साधारण लगानीमा फिर्ता हुने अवधि** ११.५८ वर्ष र डिस्काउन्टमा **लगानीमा फिर्ता हुने अवधि** २७.७८ वर्ष रहेको छ।

| क्र.सं. | विवरण | लागत रकम रु. | लागत फरक पर्नुको कारण |
|---|---|---|---|
| १ | विद्युत खरीद सम्झौता गर्दाको बखत अनुमान गरिएको परियोजनाको लागत | ५९,४८,००,००० | नेपाल सरकार द्वारा सिंगटीमा सब स्टेसन निर्माण कार्यमा ढिलाई हुन पुगेको तथा विश्वव्यापी महामारीका रुपमा रहेको कोभिड १९ को कारणले आयोजनाको लागत रकममा फरक पर्न गएको |
| २ | निर्माण सम्पन्न हुँदा आयोजनाको वास्तविक लागत | १,३९,३५,७५,००० | |
| फरक रकम | | ७९,८७,७५००.०० | |
| विद्युत खरीद सम्झौता गर्दाको बखत अनुमान गरिएको व्यवसायिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) | | २०७७/०९/१६ | |
| व्यवसायिक उत्पादन सुरु भएको मिति (COD) | | २०७७/०७/२३ गते | |

६. घट्टे खोला जलविद्युत आयोजनावाट उत्पादन गरिएको सबै विद्युतशक्ती एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७०/०४/२८ गते ५ मेगावाट क्षमता विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भईसकेको छ।

७. संगठित संस्थाका घट्टे खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

| | |
|---|---|
| **विद्युत परियोजनाको नाम** | : घट्टे खोला जलविद्युत आयोजना। |
| **विद्युत गृह स्थल** | : गौरीशंकर गाउँपालिका वडा नं ०७ |
| **श्रोत नदी** | **: घट्टे खोला** |
| **आयोनाको किसिम** | **: रन अफ रिभर** |
| **विद्युत उत्पादन अनुमति प्राप्त मिति** | : २०७२/०३/२४ |
| **विद्युत उत्पादन अनुमति वहाल रहने मिति** | : २१०७/०३/२३ |
| **जडित क्षमता** | **: ५ मेगावाट** |
| **आयोजनाको कुल लागत** | : १,३९,३५,७५,००० |
| **आयोजनाको प्रति मेगावाट लागत** | : २७,८७,१५,००० |
| **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि** | : ११.५८ |
| **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** | : २७.७८ |
| **Internal rate of return of Project (IRR)** | : ७.२६ |
| **Net Present Value (NPV)** | : ४,९१,६७,३४५ |

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ११.५८ वर्ष र (Discounted Pay Back Period) २७.७८ वर्ष र Internal Rate of Return ७.२६ प्रतिशत र Net Present Value (NPV): ४,९१,६७,३४५ रहने अनुमान रहेको छ। नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीस वर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको। NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ। आयोजनाको (NPV) गणना देहाय बमोजिम गरिएको छ।

| आर्थिक वर्ष | जम्मा लगानी | कर पछीको मुनाफा | ह्रासकट्टी व्याज, परिशोधन वार्षिक नगद प्रवाह | वार्षिक नगद प्रवाह | दर | छुट नगद प्रवाह |
|---|---|---|---|---|---|---|
| | (१,३९३,५७५,०००) | | | (१,३९३,५७५,०००) | १ | (१,३९३,५७५,०००) |
| २०७७–०७८ | | (८९,७६१,२५४) | ८९,५०५,२४२ | (२५६,०१२) | ०.९३४५७९४४ | (२३९,२६३) |
| २०७८–०७९ | | (४३,५२३,८०३) | १३०,४५२,५०६ | ८६,९२८,७०३ | ०.९९५१२३८९ | ८६,५०४,८३० |
| २०७९–०८० | – | (२२,०९३,५८८) | १२७,०८७,६७२ | १०४,९९४,०८४ | ०.८१६२९७८८ | ८५,७०६,४४८ |
| २०८०–०८१ | | २२,३७६,२३७ | ११५,११५,७०३ | १३७,४९१,९४१ | ०.७६२८९५२१ | १०४,८९१,९४३ |
| २०८१–०८२ | | २७,६३०,४६२ | ११३,५२६,९२२ | १४१,१५७,३८५ | ०.७१२९८६१८ | १००,६४३,२६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८२–०८३ | | ३३,२४१,६०८ | १११,६६०,५४७ | १४४,९०२,१५५ | ०.६६६३४२२२ | ९६,५५४,४२४ |
| २०८३–०८४ | | ३६,८३२,८३३ | १०९,३५७,११० | १४६,१८९,९४३ | ०.६२२७४९७४ | ९१,०३९,७४९ |
| २०८४–०८५ | | ३८,९६६,४१४ | १०६,५८१,१७२ | १४५,५४७,५८६ | ०.५८२००९१ | ८४,७१०,०२० |
| २०८५–०८६ | | ४१,६२२,६४२ | १०३,३३२,७३५ | १४४,९५५,३७७ | ०.५४३९३३७४ | ७८,८४६,१२१ |
| २०८६–०८७ | | ४४,५४५,३७४ | ९९,७८८,९८५ | १४४,३३४,३५९ | ०.५०८३४९२९ | ७३,३७२,२६९ |
| २०८७–०८८ | | ४२,७२५,९८५ | ९६,०३८,५१६ | १३८,७६४,५०१ | ०.४७५०९२८ | ६५,९२६,०१५ |
| २०८८–०८९ | | ४६,६५६,९९८ | ९१,४६१,१७२ | १३८,११८,१७० | ०.४४४०११९६ | ६१,३२६,११९ |
| २०८९–०९० | | ५१,१२१,१९९ | ८६,३२२,७३५ | १३७,४४३,९३४ | ०.४१४९६४४५ | ५७,०३४,३४६ |
| २०९०–०९१ | | ५६,०२८,४४७ | ८०,७११,७९७ | १३६,७४०,२४४ | ०.३८७८१७२४ | ५३,०३०,२२४ |
| २०९१–०९२ | | ६१,१९९,८८० | ७४,८०५,५४७ | १३६,००५,४२७ | ०.३६२४४६०२ | ४९,२९४,६२६ |
| २०९२–०९३ | | ४३,५५९,७३३ | ६८,८९९,२९७ | ११२,४५९,०३० | ०.३३८७३४६ | ३८,०९३,७६४ |
| २०९३–०९४ | | ४८,६६३,३१५ | ६२,९९३,०४७ | १११,६५६,३६२ | ०.३१६५७४३९ | ३५,३४७,५४५ |
| २०९४–०९५ | | ५३,७२९,८३५ | ५७,०८६,७९७ | ११०,८१६,६३३ | ०.२९५८६३९२ | ३२,७८६,६४३ |
| २०९५–०९६ | | ५८,५३६,०४७ | ५१,४०१,४४१ | १०९,९३७,४८८ | ०.२७६५०८३३ | ३०,३९८,६३१ |
| २०९६–०९७ | | ५९,६०८,८४८ | ४९,४०७,४९१ | १०९,०१६,३३९ | ०.२५८४१९ | २८,१७१,८९४ |
| २०९७–०९८ | | ५८,६४२,८४० | ४९,४०७,४९१ | १०८,०५०,३३१ | ०.२४१५१३०९ | २६,०९५,५६९ |
| २०९८–०९९ | | ५७,६२८,८०८ | ४९,४०७,४९१ | १०७,०३६,२९९ | ०.२२५७१३१७ | २४,१५९,५०२ |
| २०९९–१०० | | ५७,६८३,४३८ | ४९,४०७,४९१ | १०७,०९०,९२९ | ०.२१०९४६८८ | २२,५९०,४९८ |
| २१००–१०१ | | ५६,५६२,३८१ | ४९,४०७,४९१ | १०५,९६९,८७२ | ०.१९७१४६६२ | २०,८९१,६०२ |
| २१०१–१०२ | | ५५,३८१,४३० | ४९,४०७,४९१ | १०४,७८८,९२१ | ०.१८४२४९१८ | १९,३०७,२७२ |
| २१०२–१०३ | | ५४,१३५,६०८ | ४९,४०७,४९१ | १०३,५४३,०९९ | ०.१७२१९५४९ | १७,८२९,६५५ |
| २१०३–१०४ | | ५२,८१९,२८३ | ४९,४०७,४९१ | १०२,२२६,७७४ | ०.१६०९३०३७ | १६,४५१,३९२ |
| २१०४–१०५ | | ५१,४२६,०५६ | ४९,४०७,४९१ | १००,८३३,५४७ | ०.१५०४०२२१ | १५,१६५,५८९ |
| २१०५–१०६ | | ४९,९४८,६२१ | ४९,४०७,४९१ | ९९,३५६,११२ | ०.१४०५६२८२ | १३,९६५,७७५ |
| २१०६–१०७ | | ४८,३७८,६१२ | ४९,४०७,४९१ | ९७,७८६,१०२ | ०.१३१३६७१२ | १२,८४५,८७८ |
| **NPV** | | | | | | ४९,१६७,३४५ |

(IRR) गणना देहाय बमोजिम गरिएको छ।

| क्र. सं. | आर्थिक | जम्मा लगानी | कर पछीको मुनाफा | ह्रासकट्टी व्याज तथा परिशोधन वार्षिक नगद प्रवाह | वार्षिक नगद प्रवाह | IRR |
|---|---|---|---|---|---|---|
| | | (१,३९३,५७५,०००) | | | (१,३९३,५७५,०००) | |
| १ | २०७७–०७८ | | (८९,७६१,२५४) | ८९,५०५,२४२ | (२५६,०१२) | |
| २ | २०७८–०७९ | | (४३,५२३,८०३) | १३०,४५२,५०६ | ८६,९२८,७०३ | |
| ३ | २०७९–०८० | | (२२,०९३,५८८) | १२७,०८७,६७२ | १०४,९९४,०८४ | |
| ४ | २०८०–०८१ | | २२,३७६,२३७ | ११५,११५,७०३ | १३७,४९१,९४१ | |
| ५ | २०८१–०८२ | | २७,६३०,४६२ | ११३,५२६,९२२ | १४१,१५७,३८५ | ७.२६% |
| ६ | २०८२–०८३ | | ३३,२४१,६०८ | १११,६६०,५४७ | १४४,९०२,१५५ | |
| ७ | २०८३–०८४ | | ३६,८३२,८३३ | १०९,३५७,११० | १४६,१८९,९४३ | |
| ८ | २०८४–०८५ | | ३८,९६६,४१४ | १०६,५८१,१७२ | १४५,५४७,५८६ | |
| ९ | २०८५–०८६ | | ४१,६२२,६४२ | १०३,३३२,७३५ | १४४,९५५,३७७ | |
| १० | २०८६–०८७ | | ४४,५४५,३७४ | ९९,७८८,९८५ | १४४,३३४,३५९ | |
| ११ | २०८७–०८८ | | ४२,७२५,९८५ | ९६,०३८,५१६ | १३८,७६४,५०१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | २०८८–०८९ | | ४६,६५६,९९८ | ९१,४६१,१७२ | १३८,११८,१७० | |
| १३ | २०८९–०९० | | ५१,१२१,१९९ | ८६,३२२,७३५ | १३७,४४३,९३४ | |
| १४ | २०९०–०९१ | | ५६,०२८,४४७ | ८०,७११,७९७ | १३६,७४०,२४४ | |
| १५ | २०९१–०९२ | | ६१,१९९,८८० | ७४,८०५,५४७ | १३६,००५,४२७ | |
| १६ | २०९२–०९३ | | ४३,५५९,७३३ | ६८,८९९,२९७ | ११२,४५९,०३० | |
| १७ | २०९३–०९४ | | ४८,६६३,३१५ | ६२,९९३,०४७ | १११,६५६,३६२ | |
| १८ | २०९४–०९५ | | ५३,७२९,८३५ | ५७,०८६,७९७ | ११०,८१६,६३३ | |
| १९ | २०९५–०९६ | | ५८,५३६,०४७ | ५१,४०१,४४१ | १०९,९३७,४८८ | |
| २० | २०९६–०९७ | | ५९,६०८,८४८ | ४९,४०७,४९१ | १०९,०१६,३३९ | |
| २१ | २०९७–०९८ | | ५८,६४२,८४० | ४९,४०७,४९१ | १०८,०५०,३३१ | |
| २२ | २०९८–०९९ | | ५७,६२८,८०८ | ४९,४०७,४९१ | १०७,०३६,२९९ | |
| २३ | २०९९–१०० | | ५७,६८३,४३८ | ४९,४०७,४९१ | १०७,०९०,९२९ | |
| २४ | २१००–१०१ | | ५६,५६२,३८१ | ४९,४०७,४९१ | १०५,९६९,८७२ | |
| २५ | २१०१–१०२ | | ५५,३८१,४३० | ४९,४०७,४९१ | १०४,७८८,९२१ | |
| २६ | २१०२–१०३ | | ५४,१३५,६०८ | ४९,४०७,४९१ | १०३,५४३,०९९ | |
| २७ | २१०३–१०४ | | ५२,८१९,२८३ | ४९,४०७,४९१ | १०२,२२६,७७४ | |
| २८ | २१०४–१०५ | | ५१,४२६,०५६ | ४९,४०७,४९१ | १००,८३३,५४७ | |
| २९ | २१०५–१०६ | | ४९,९४८,६२१ | ४९,४०७,४९१ | ९९,३५६,११२ | |
| ३० | २१०६–१०७ | | ४८,३७८,६१२ | ४९,४०७,४९१ | ९७,७८६,१०२ | |
| | | **IRR** | | | | ७.२६% |

**साधारणमा लगानी फिर्ता हुने अवधी गणना विधी**

| सि.न | आर्थिक वर्ष | लगानी | खुद प्रवाह | हासकट्टी व्याज तथा परिशोधन वार्षिक नगद | वार्षिक नगद प्रवाह | संचयी नगद प्रवाह | |
|---|---|---|---|---|---|---|---|
| | | (१,३९३,५७५,०००) | | | (१,३९३,५७५,०००) | (१,३९३,५७५,०००) | |
| १ | २०७७–०७८ | | (८९,७६१,२५४) | ८९,५०५,२४२ | (२५६,०१२) | (१,३९३,८३१,०१२) | |
| २ | २०७८–०७९ | | (४३,५२३,८०३) | १३०,४५२,५०६ | ८६,९२८,७०३ | (१,३०६,९०२,३०९) | |
| ३ | २०७९–०८० | | (२२,०९३,५८८) | १२७,०८७,६७२ | १०४,९९४,०८४ | (१,२०१,९०८,२२४) | |
| ४ | २०८०–०८१ | | २२,३७६,२३७ | ११५,११५,७०३ | १३७,४९१,९४१ | (१,०६४,४१६,२८४) | |
| ५ | २०८१–०८२ | | २७,६३०,४६२ | ११३,५२६,९२२ | १४१,१५७,३८५ | (९२३,२५८,८९९) | |
| ६ | २०८२–०८३ | | ३३,२४१,६०८ | १११,६६०,५४७ | १४४,९०२,१५५ | (७७८,३५६,७४४) | |
| ७ | २०८३–०८४ | | ३६,८३२,८३३ | १०९,३५७,११० | १४६,१८९,९४३ | (६३२,१६६,८०१) | |
| ८ | २०८४–०८५ | | ३८,९६६,४१४ | १०६,५८१,१७२ | १४५,५४७,५८६ | (४८६,६१९,२१५) | |
| ९ | २०८५–०८६ | | ४१,६२२,६४२ | १०३,३३२,७३५ | १४४,९५५,३७७ | (३४१,६६३,८३८) | |
| १० | २०८६–०८७ | | ४४,५४५,३७४ | ९९,७८८,९८५ | १४४,३३४,३५९ | (१९७,३२९,४७९) | |
| ११ | २०८७–०८८ | | ४२,७२५,९८५ | ९६,०३८,५१६ | १३८,७६४,५०१ | (५८,५६४,९७८) | |
| १२ | २०८८–०८९ | | ४६,६५६,९९८ | ९१,४६१,१७२ | १३८,११८,१७० | ७९,५५३,१९२ | ११.५८ |
| १३ | २०८९–०९० | | ५१,१२१,१९९ | ८६,३२२,७३५ | १३७,४४३,९३४ | २१६,९९७,१२६ | |
| १४ | २०९०–०९१ | | ५६,०२८,४४७ | ८०,७११,७९७ | १३६,७४०,२४४ | ३५३,७३७,३७० | |
| १५ | २०९१–०९२ | | ६१,१९९,८८० | ७४,८०५,५४७ | १३६,००५,४२७ | ४८९,७४२,७९७ | |
| १६ | २०९२–०९३ | | ४३,५५९,७३३ | ६८,८९९,२९७ | ११२,४५९,०३० | ६०२,२०१,८२८ | |
| १७ | २०९३–०९४ | | ४८,६६३,३१५ | ६२,९९३,०४७ | १११,६५६,३६२ | ७१३,८५८,१८९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | २०९४–०९५ | | ५३,७२९,८३५ | ५७,०८६,७९७ | ११०,८१६,६३३ | ८२४,६७४,८२२ | |
| १९ | २०९५–०९६ | | ५८,५३६,०४७ | ५१,४०१,४४१ | १०९,९३७,४८८ | ९३४,६१२,३१० | |
| २० | २०९६–०९७ | | ५९,६०८,८४८ | ४९,४०७,४९१ | १०९,०१६,३३९ | १,०४३,६२८,६४९ | |
| २१ | २०९७–०९८ | | ५८,६४२,८४० | ४९,४०७,४९१ | १०८,०५०,३३१ | १,१५१,६७८,९८० | |
| २२ | २०९८–०९९ | | ५७,६२८,८०८ | ४९,४०७,४९१ | १०७,०३६,२९९ | १,२५८,७१५,२८० | |
| २३ | २०९९–१०० | | ५७,६८३,४३८ | ४९,४०७,४९१ | १०७,०९०,९२९ | १,३६५,८०६,२०८ | |
| २४ | २१००–१०१ | | ५६,५६२,३८१ | ४९,४०७,४९१ | १०५,९६९,८७२ | १,४७१,७७६,०८० | |
| २५ | २१०१–१०२ | | ५५,३८१,४३० | ४९,४०७,४९१ | १०४,७८८,९२१ | १,५७६,५६५,००१ | |
| २६ | २१०२–१०३ | | ५४,१३५,६०८ | ४९,४०७,४९१ | १०३,५४३,०९९ | १,६८०,१०८,१०० | |
| २७ | २१०३–१०४ | | ५२,८१९,२८३ | ४९,४०७,४९१ | १०२,२२६,७७४ | १,७८२,३३४,८७४ | |
| २८ | २१०४–१०५ | | ५१,४२६,०५६ | ४९,४०७,४९१ | १००,८३३,५४७ | १,८८३,१६८,४२१ | |
| २९ | २१०५–१०६ | | ४९,९४८,६२१ | ४९,४०७,४९१ | ९९,३५६,११२ | १,९८२,५२४,५३३ | |
| ३० | २१०६–१०७ | | ४८,३७८,६१२ | ४९,४०७,४९१ | ९७,७८६,१०२ | २,०८०,३१०,६३६ | |
| **Payback Period (In Years)** | | | | | | | ११.५८ |

## डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी गणना विधी

| आ. व | लगानी | खुद प्रवाह | ह्रासकट्टी व्याज तथा परिशोधन वार्षिक नगद | वार्षिक नगद प्रवाह | छुट फ्याक्टर | छुट नगद प्रवाह | संचयी नगद प्रवाह | |
|---|---|---|---|---|---|---|---|---|
| | (१,३९३,५७५,०००) | | | (१,३९३,५७५,०००) | १ | (१,३९३,५७५,०००) | (१,३९३,५७५,०००) | |
| २०७७–०७८ | | (८९,७६१,२५४) | ८९,५०५,२४२ | (२५६,०१२) | ०.९३४६ | (२३९,२६३) | (१,३९३,८१४,२६३) | |
| २०७८–०७९ | | (४३,५२३,८०३) | १३०,४५२,५०६ | ८६,९२८,७०३ | ०.८७३४ | ७५,९२६,८९६ | (१,३१७,८८७,३६७) | |
| २०७९–०८० | | (२२,०९३,५८८) | १२७,०८७,६७२ | १०४,९९४,०८४ | ०.८१६३ | ८५,७०६,४४८ | (१,२३२,१८०,९१९) | |
| २०८०–०८१ | | २२,३७६,२३७ | ११५,११५,७०३ | १३७,४९१,९४१ | ०.७६२९ | १०४,८९१,९४३ | (१,१२७,२८८,९७६) | |
| २०८१–०८२ | – | २७,६३०,४६२ | ११३,५२६,९२२ | १४१,१५७,३८५ | ०.७१३० | १००,६४३,२६४ | (१,०२६,६४५,७१२) | |
| २०८२–०८३ | | ३३,२४१,६०८ | १११,६६०,५४७ | १४४,९०२,१५५ | ०.६६६३ | ९६,५५४,४२४ | (९३०,०९१,२८८) | |
| २०८३–०८४ | | ३६,८३२,८३३ | १०९,३५७,११० | १४६,१८९,९४३ | ०.६२२७ | ९१,०३९,७४९ | (८३९,०५१,५३८) | |
| २०८४–०८५ | | ३८,९६६,४१४ | १०६,५८१,१७२ | १४५,५४७,५८६ | ०.५८२० | ८४,७१०,०२० | (७५४,३४१,५१८) | |
| २०८५–०८६ | | ४१,६२२,६४२ | १०३,३३२,७३५ | १४४,९५५,३७७ | ०.५४३९ | ७८,८४६,१२१ | (६७५,४९५,३९७) | |
| २०८६–०८७ | | ४४,५४५,३७४ | ९९,७८८,९८५ | १४४,३३४,३५९ | ०.५०८३ | ७३,३७२,२६९ | (६०२,१२३,१२८) | |
| २०८७–०८८ | | ४२,७२५,९८५ | ९६,०३८,५१६ | १३८,७६४,५०१ | ०.४७५१ | ६५,९२६,०१५ | (५३६,१९७,११३) | |
| २०८८–०८९ | | ४६,६५६,९९८ | ९१,४६१,१७२ | १३८,११८,१७० | ०.४४४० | ६१,३२६,११९ | (४७४,८७०,९९४) | |
| २०८९–०९० | | ५१,१२१,१९९ | ८६,३२२,७३५ | १३७,४४३,९३४ | ०.४१५० | ५७,०३४,३४६ | (४१७,८३६,६४८) | |
| २०९०–०९१ | | ५६,०२८,४४७ | ८०,७११,७९७ | १३६,७४०,२४४ | ०.३८७८ | ५३,०३०,२२४ | (३६४,८०६,४२४) | |
| २०९१–०९२ | | ६१,१९९,८८० | ७४,८०५,५४७ | १३६,००५,४२७ | ०.३६२४ | ४९,२९४,६२६ | (३१५,५११,७९८) | |
| २०९२–०९३ | | ४३,५५९,७३३ | ६८,८९९,२९७ | ११२,४५९,०३० | ०.३३८७ | ३८,०९३,७६४ | (२७७,४१८,०३३) | |
| २०९३–०९४ | | ४८,६६३,३१५ | ६२,९९३,०४७ | १११,६५६,३६२ | ०.३१६६ | ३५,३४७,५४५ | (२४२,०७०,४८९) | |
| २०९४–०९५ | | ५३,७२९,८३५ | ५७,०८६,७९७ | ११०,८१६,६३३ | ०.२९५९ | ३२,७८६,६४३ | (२०९,२८३,८४६) | |
| २०९५–०९६ | | ५८,५३६,०४७ | ५१,४०१,४४१ | १०९,९३७,४८८ | ०.२७६५ | ३०,३९८,६३१ | (१७८,८८५,२१४) | |
| २०९६–०९७ | | ५९,६०८,८४८ | ४९,४०७,४९१ | १०९,०१६,३३९ | ०.२५८४ | २८,१७१,८९४ | (१५०,७१३,३२१) | |
| २०९७–०९८ | | ५८,६४२,८४० | ४९,४०७,४९१ | १०८,०५०,३३१ | ०.२४१५ | २६,०९५,५६९ | (१२४,६१७,७५२) | |
| २०९८–०९९ | | ५७,६२८,८०८ | ४९,४०७,४९१ | १०७,०३६,२९९ | ०.२२५७ | २४,१५९,५०२ | (१००,४५८,२५०) | |
| २०९९–१०० | | ५७,६८३,४३८ | ४९,४०७,४९१ | १०७,०९०,९२९ | ०.२१०९ | २२,५९०,४९८ | (७७,८६७,७५२) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००–१०१ | | ५६,५६२,३८१ | ४९,४०७,४९१ | १०५,९६९,८७२ | ०.१९७१ | २०,८९१,६०२ | (५६,९७६,१५०) | |
| २१०१–१०२ | | ५५,३८१,४३० | ४९,४०७,४९१ | १०४,७८८,९२१ | ०.१८४२ | १९,३०७,२७२ | (३७,६६८,८७८) | |
| २१०२–१०३ | | ५४,१३५,६०८ | ४९,४०७,४९१ | १०३,५४३,०९९ | ०.१७२२ | १७,८२९,६५५ | (१९,८३९,२२३) | |
| २१०३–१०४ | | ५२,८१९,२८३ | ४९,४०७,४९१ | १०२,२२६,७७४ | ०.१६०९ | १६,४५१,३९२ | (३,३८७,८३०) | २७.७८ |
| २१०४–१०५ | | ५१,४२६,०५६ | ४९,४०७,४९१ | १००,८३३,५४७ | ०.१५०४ | १५,१६५,५८९ | ११,७७७,७५८ | |
| २१०५–१०६ | | ४९,९४८,६२१ | ४९,४०७,४९१ | ९९,३५६,११२ | ०.१४०६ | १३,९६५,७७५ | २५,७४३,५३३ | |
| २१०६–१०७ | | ४८,३७८,६१२ | ४९,४०७,४९१ | ९७,७८६,१०२ | ०.१३१४ | १२,८४५,८७८ | ३८,५८९,४११ | |
| **Discounted Payback Period (In Years)** | | | | | | | | २७.७८ |

८. **आयोजनाको विभिन्न कार्यहरुको प्रगती विवरण: यो विवरणपत्र तयार पार्दासम्म आयोजना कार्य १०० प्रतिशत सम्पन्न भैसकेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।**

| सि.नं. | विवरण | कार्य प्रगति | प्रगति विवरण प्रतिशतमा |
|---|---|---|---|
| १ | **आधारभूत निर्माण कार्य** | | १०० |
| | प्रवेश मार्ग | सम्पन्न। | |
| | सिभिल संरचना | सम्पन्न। | |
| २ | **सिभिल कार्यहरु** | | १०० |
| | हेड कार्यहरु | सम्पन्न। | |
| | पेनस्टक र पावर हाउसका कार्यहरु | सम्पन्न। | |
| | क्रेन स्थापित र फ्रेम संरचनाका कार्यहरु | सम्पन्न। | |
| ३ | **भूमिगत टनेल कार्यहरु** | | १०० |
| | टनेल | सम्पन्न। | |
| | हेडरेस टनेल | सम्पन्न। | |
| ४ | **हाइड्रो मेकानिकल कार्य** | | १०० |
| | हेड वर्कस् | सम्पन्न। | |
| | एबि देखि पावर हाउस | सम्पन्न। | |
| | हेरेस पाइप | सम्पन्न। | |
| | र्सज साफ्ट् | सम्पन्न। | |
| ५ | **इलेक्ट्रोमेकानिकल कार्य** | | १०० |
| | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | सम्पन्न। | |
| | मेशिन तथा उपकरण जडान | सम्पन्न। | १०० |
| | क्रेन जडान | सम्पन्न। | |
| ६ | **वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धित र विविध कार्यहरु** | सम्पन्न। | १०० |
| | **आयोजनाहरुको कूल प्रगति प्रतिशतमा जम्मा** | | १०० |
| | **व्यवसायिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD)** | २०७७/०९/१६ गते | |
| | **व्यवसायिक उत्पादन सुरु भएको मिति (COD)** | २०७७/०७/२३ गते देखि | |

**समग्रमा आयोजनाको कार्य प्रगति १०० प्रतिशत सम्पन्न भइसकेको मिति:** मिति २०७७ कार्तिक २३ गते देखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा आइसकेको छ।

९. **परियोजनाको हालको अवस्था** : घट्टेखोला जलविद्युत आयोजनाको १०० प्रतिशत कार्य सम्पन्न भईसकेको र कम्पनीले मिति २०७७/०७/२३ गते देखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा आइसकेको छ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन्।**

क. घट्टेखोला जलविद्युत आयोजना बाट वार्षिक २,७०,७७,३८४/KWh (Kilo Watt) विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। घट्टेखोला जलविद्युत आयोजनामा वर्षा यामको लागि २,२९,०९,१४७ /KWh (Kilo Watt) र सुख्खा यामका लागि ४१,६८,२३७ /KWh

(Kilo Watt) निर्धारण गरिएको छ।

**इनर्जी तालिका**

PPA 4 MW

| **Table I** | | | |
|---|---|---|---|
| स्थापना क्षमता (kW) | ५,००० | Rated Generator Turbine Efficiency | ९६ प्रतिशत |
| डिजाइन डिस्चाज (m3/s) | १।७८ | Rated Turbine Efficiency | ९० प्रतिशत |
| न्यूनतम रिलीज (m3/s) | ०।०५१ | Rated Transformer Efficiency | ९९ प्रतिशत |
| GrossHead (m) | ३५० | Combined Efficiency | ८५।५४ प्रतिशत |
| Outage + Losses +Self Consumption (%) | | | ५ प्रतिशत |

Table II

| **महिना** | **जम्मा दिन** | **विद्युत उत्पादनको लागि नदी (m3/sec)** | **विद्युत उत्पादनको लागि डिस्चार्ज (m3/sec)** | **Net Head (m)** | **औषत मासिकपावर (KW)** | **अधिकतम मासिक पावर (KW)** | **Monthly Generation before Outage & Losses (kWh)** | **Outage Including Losses (kWh)** | **उर्जा सम्झौता (Kwh)** |
|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H=F-G |
| बैशाख | ३१ | ०.६३ | ०.५८ | ३४५.२६ | १,६९५ | ३,८७३ | १२,६०,८९९ | ६३,०४५ | ११,९७,८५४ |
| जेष्ठ | ३१ | १.६३ | १.२८ | ३४२.३१ | ३,६८९ | ४,९५० | २७,४४,९७४ | १,३७,२४९ | २६,०७,७२५ |
| आषाढ | ३२ | ७.०४ | १.७८ | ३३८.८९ | ४,९५० | ४,९५० | ३८,०१,६०० | १,९०,०८० | ३६,११,५२० |
| श्रावण | ३१ | ११.६९ | १.७८ | ३३८.८९ | ४,९५० | ४,९५० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| भाद्र | ३१ | ७.९८ | १.७८ | ३३८.८९ | ४,९५० | ४,९५० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| आश्विन | ३१ | ३.८८ | १.७८ | ३३८.८९ | ४,९५० | ४,९५० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| कार्तिक | ३० | १.७७ | १.५७ | ३४०.४८ | ४,४८६ | ४,९५० | ३२,२९,९९१ | १,६१,५०० | ३०,६८,४९१ |
| मंसिर | २९ | १.०६ | १.०१ | ३४३.७३ | २,९१५ | ४,९५० | २०,२९,०२८ | १,०१,४५१ | १९,२७,५७६ |
| पौष | ३० | ०.७४ | ०.६९ | ३४४.९५ | १,९६४ | ४,२५२ | १४,१४,२१२ | ७०,७११ | १३,४३,५०३ |
| माघ | २९ | ०.६१ | ०.५६ | ३४५.३२ | १,५९६ | २,५७९ | ११,११,१५२ | ५५,५५८ | १०,५५,५९४ |
| फाल्गुण | ३० | ०.५२ | ०.४७ | ३४५.५४ | १,३०६ | २,५६६ | ९,४०,३७१ | ४७,०१९ | ८,९३,३५३ |
| चैत्र | ३० | ०.५१ | ०.४६ | ३४५.५६ | १,२८० | २,४२२ | ९,२१,८८१ | ४६,०९४ | ८,७५,७८७ |
| **जम्मा** | ३६५ | | | | | | २,८५,०२,५१० | १४,२५,१२५ | २,७०,७७,३८४ |

**नोट :** १) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रायाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रायाक्ट इनर्जी निर्धारण गरिनेछ।

२) सम्झौताको बुंदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रायाक्ट इनर्जी (Total Contract Energy) परिवर्तन गर्न सकिनेछ।

| **Table III** | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (kWh) | ४१,६८,२३७ |
| बर्षा यामको कूल इनर्जी (kWh) | २,२९,०९,१४७ |
| जम्मा (kWh) | २,७०,७७,३८४ |

ख. कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearation को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ। क्षतिपूर्ति रकम रु.=[०.८ X सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीददर ;

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी

भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन । यस्तो क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

ग. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (अक्षरेपि चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (अक्षरेपि आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ पटक सम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

**५ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि**

| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौताको अवधि सम्म | ९.६६ | ५.५२ |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृती समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) नेपाल राज्यका विभिन्न भागमा रहेका खोलानाला तथा नदीहरुबाट जलविद्युत उत्पादन गर्ने र बिक्री वितरण गर्ने साथै जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने, जलविद्युत उत्पादन सम्बन्धमा अध्ययन र अनुसन्धान कार्य गर्ने ।

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य, वायु, फ्युल प्लान्ट वा अन्य विकसित प्रविधिसँग सम्बन्धित निजि क्षेत्रमा विद्युत उत्पादन गर्ने तथा सो सम्बन्धी इन्जिनियरिङ्ग सेवा उपलब्ध गराउने ।

(ग) उत्पादित विद्युत शक्तिलाई थोक तथा खुद्रा बिक्री गर्ने ।

(घ) सिभिल इलेक्ट्रोमेकानिकल एवं प्रसारण तथा वितरण लाइन निर्माण सम्बन्धी मालसमान तथा औजार उपकरणहरुको आपूर्ति गरी प्रयोगमा ल्याउने कार्य गर्ने ।

(ङ) विद्युत उत्पादनको लागि आवश्यक प्रविधि, सामाग्री विदेशबाट आयात तथा उत्पादन गरी प्रयोगमा ल्याउने तथा बिक्री वितरण गर्ने ।

**च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म)** :

१) **कम्पनीले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको अध्ययन, निर्माण, प्रसारण, संचालन र व्यवस्थापन गर्ने ।

२) **प्रयोग भएको वा गरिने विधि** : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : विद्युत खरीद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :

क) नेपाल विद्युत प्राधिकरणसंग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठनगरी कार्य गर्ने ।

ख) घट्टेखोला जलविद्युत आयोजनाको विद्युत खरीद बिक्री दर विद्युत खरीद बिक्री सम्झौताको बर्षामा ४.८० रुपैया र हिउँदमा ८.४० रुपैंया कायम भएको छ ।

ग) कम्पनीको कन्ट्र्याक इनर्जी वार्षिक घट्टेखोला जलविद्युत आयोजनाबाट वार्षिक २,७०,७७,३८४Kwh रहेको छ ।

७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : घट्टेखोला जलविद्युत आयोजना (५ मेगावाट) क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य सम्पन्न भई विद्युत उत्पादन समेत भई सकेको छ ।

८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : घट्टेखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

९) **गुण नियन्त्रणका लागि गरिएको व्यवस्था**: जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पूर्ण संरचना जस्तै : हाइड्रो मेकानिकल ईक्वीपमेन्ट, ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट, हेडवर्क, पावरहाउस, ट्रान्समिसन लाईन, मेसिनरी ब्रेकडाउन, नाफा नोक्सान लगायतका कुरालाई मध्यनजर गरी बिमा गरिएको/गरिने छ साथै मर्मत सम्भारका लागि पनि सोही अनुसार व्यवस्थापन गरिएको छ ।

१०) **अनुसन्धान तथा विकास**: नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्नेगरी भएको बाधा, व्यवधान** : सो नभएको ।

१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सोसम्बन्धी विवरण** : सो नभएको ।

१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरुबीच संगठित संस्थाको स्थिति** : यस कम्पनीबाट उत्पादित विद्युत एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ । घट्टेखोला जलविद्युत आयोजना को विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको केही अंशलाई मात्र परिपूर्ति गर्नेछ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या रहेको देखिदैन । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्भौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरीद बिक्री सम्भौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपालविद्युत प्राधिकरण रहेको छ ।

१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण**: सो नभएको ।

## ग.३. ख.सम्पतिको विवरण :

क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** : कम्पनीको स्वामित्वमा रहेको घर्ट्टेखोला जलविद्युत आयोजनामा जडान भएको प्लान्ट तथा उपकरणहरु गौरीशंकर गाउँपालीका ७ मार्वु स्थित आयोजना निर्माण स्थलमा रहेको विद्युत गृह र सव स्टेसनमा जडान भई सञ्चालनमा आएको छ । उक्त आयोजनाका सिभिल संरचना, हाइड्रो मेकानिकल ईक्वीपमेन्ट र ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट गौरीशंकर गाउँपालिका ७ मार्वु स्थित आयोजना निर्माण स्थलमा रहेका छन् । हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख गरिएको छ ।

ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)**: बुँदा (क) मा भएको सम्पत्ती आफ्नै भएको र लिजमा नलिएको । तथापी उत्पादन अनुमति पत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

| क्र.सं | विवरण | २०७९ आषाढ मसान्त सम्मको मूल्य | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान | अवस्था |
|---|---|---|---|---|
| | ह्रासकट्टी नहुने सम्पत्ति | | | |
| १ | जग्गा जमिन | ४७४,१८,०११.३१ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | **जम्मा ह्रासकट्टी नहुने सम्पत्ति** | ४७४,१८,०११.३१ | | |
| | ह्रासकट्टी हुने सम्पत्ति | | | |
| | ब्लक (A) | | | |
| २. | कर्मचारी वासस्थान | १८३,३६,६९६.७४ | आयोजना निर्माण स्थल | बस्न योग्य |
| | **जम्मा ब्लक (A)** | | | |
| | ब्लक (B) | | | |
| ३. | फर्निचर एण्ड फिक्सर | २७६३३१.०० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| ४ | अफिस इक्युपमेन्ट (EIL) | १७८,९१६.०० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| | **जम्मा ब्लक (B)** | | | |
| | ब्लक (C) | | | |
| ५ | अटोमोबाइल | १९,०२,०८९.०० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | **जम्मा ब्लक (C)** | | | |
| | ब्लक (D) | | | |
| | परियोजना कार्य | | | |
| ६ | सिभिल स्ट्रक्चर | ६६,२१,२१,३५५.५६ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ७ | हाइड्रोमेकानिकल | २०,७४,३७,४८०.९९ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ८ | सडक पूर्वाधार | ४३५,४०,१४३.८५ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ९ | प्लान्ट एण्ड मेकानिकल | २६,०५,७७,४४१.८५ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १० | सवस्टेसन | | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ११ | ट्रान्समिसन लाइन | १०९,०,६५,७०१.४६ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १२ | अन्य | ३२५,५५,५७८.४० | आयोजना निर्माण स्थल | चालू अवस्था |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा ब्लक (D)** | | | |
| | ब्लक (E) | | | |
| १३ | कम्प्युटर सफ्टवेयर | | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| | **जम्मा ब्लक (E)** | | | |
| | **जम्मा सम्पत्ति** | १३८,३४,०९,७४६.०८ | | |

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** कम्पनीको स्वामित्वमा रहेको कुल ७३.५६ रोपनी क्षेत्रफल ओगटेको जमिन आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि ग्लोबल आईएमई बैंक लि. (सविक बैंक अफ काठमाण्डू लि.) को अगुवाइमा प्रभु बैंक लि., मुक्तिनाथ विकास बैंक लि. र कुमारी बैंक लि. (साविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) मा धितो बन्धक रहेको छ।

घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण:** सो नभएको।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मूल्यमा मूल्याङ्कन गरिएको छ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

क) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन्।

- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग सेवा उपलब्ध गराउने।
- नेपालभरी हाइड्रोपावर सम्बन्धी विद्युत आयोजनाहरु निर्माण गरी उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने
- विद्युत उत्पादनका लागी आवश्यक नयाँ प्रविधि, सामाग्री बिदेशबाट आयात तथा आफैले उत्पादन गरी प्रयोगमा ल्याउने।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि सार्वजनिक शेयर निष्काशनबाट प्राप्त हुन आउने रकम बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋणको रकम भुक्तानी गर्नमा प्रयोग गरीने छ।
- बैंक तथा वित्तीय संस्थाको बाँकी ऋण प्रक्षेपित समय अवधि भित्र भूक्तानी गर्ने रणनिति लिइएको छ।
- नयाँ आयोजनाहरुमा लगानी तथा निर्माण गर्नको लागि कम्पनीले आर्जन गरी सञ्चित गरेको नाफा तथा थप पुँजी जुटाई आयोजनाहरुमा लगानी गर्ने रणनीति रहेको छ।
- लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने कम्पनीको रणनीति रहको छ।

ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ। देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरीद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने संरचनाहरु निर्माण विकास हुँदै गरेको अवस्था छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन।

## ग.३.घ.सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका वडा नं.७ स्थित घट्टेखोला को पानी ।

ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

अ) निष्काशन तथा बिक्री प्रबन्धक– रु. १०,००,०००/- (अक्षेरेपी दस लाख मात्र)

आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)– निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

ई) प्रत्याभूतिकर्ता शुल्क – रु.२१,००,०००/– ( अक्षरेपी एक्काईस लाख मात्र ) (मुक्तिनाथ क्यापिटललाई भुक्तानी गरिएको )

उ) लेखापरिक्षकको शुल्क प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु. २५०,०००/- (अक्षरेपी दुई लाख पचास मात्र) (Exclusive Vat) भुक्तानी गरिएको ।

## ग.१०.ग.सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:

सार्वजनिक निष्काशनबाट प्राप्त हुने कुल रकम रु.२८,००,००,००० (अक्षरेपि अठ्ठाईस करोड मात्र) तपशिल बमोजिमको बैंक तथा वित्तीय संस्थासंग लिएको ऋण भुक्तानी गर्ने काममा प्रयोग गरिने छ ।

| ऋण लिएको बैंक/ वित्तीय संस्थाको नाम | स्वीकृत भएको ऋण रकम | शुरुमा प्राप्त गरेको ऋण रकम | तिर्न बाँकी रहेको ऋण रकम | निष्काशनबाट प्राप्त हुने रकमबाट ऋण भुक्तानीको विवरण | निष्काशनबाट प्राप्त हुने रकमबाट ऋण भुक्तानी पछी बाँकी ऋण |
|---|---|---|---|---|---|
| ग्लोबल आइएमई बैक लि. (साविक बैंक अफ काठमाण्डू लि.) | ४०,३०,१६,६१७.३८ | ४०,३०,१६,६१७.३८ | ३९,३८,१०,८५४.०० | ११,००,००,००० | २८,५८,१०,८५४.०० |
| कुमारी बैक लि. (साविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) | १९,१४,५४,४८३.९८ | १९,१४,५४,४८३.९८ | १८,८७,१४,६३४.२१ | ६,००,००,००० | १२८,७१४,६३४.२१ |
| प्रभु बैंक लिमिटेड | १९,१४,५४,४८३.९८ | १९,१४,५४,४८३.९८ | १८,८७,१४,६३४.२१ | ६,००,००,००० | १२८,७१४,६३४.२१ |
| मुक्तिनाथ बिकास बैंक लि. | १०,७६,४९,४१४.६६ | १०,७६,४९,४१४.६६ | १०,६१,०९,५०४.८७ | ५,००,००,००० | ५६,१०९,५०४.८७ |
| **जम्मा** | ८९,३५,७५,000.00 | ८९,३५,७५,000.00 | ८७,७३,४९,६२७.२९ | २८,००,००,००० | ५९,७३,४९,६२७.२९ |

**नोट: ग्लोबल आइएमइ बैंक बाट मिति २०७९ चैत्र मसान्त सम्म अल्पकालीन ऋण रकम रु ११,६१५,००.०० (अक्षरेपि एक करोड सोह्र लाख पन्ध्र हजार मात्र) थप गरिएको छ ।**

## ग. १०.घ.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :

शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

## ग. १०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:

क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा **बाँडफाँट निर्देशिका, २०७४**" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोली पल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ ।

ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**

यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेकाले शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई बैंक खातामा रकम फुकुवा गर्ने व्यवस्था गर्ने ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

**घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको शेयर ३ (तीन) वर्षको Lock in period राखी सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको।

**च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरीद/बिक्रीको व्यवस्था मिलाइने छ।

## ग. १०.च. प्रत्याभूति सम्बन्धी विवरण :

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको १००% ले हुन आउने २८,००,००० कित्ता साधारण शेयरको लागि रु. २८,००,००,०००/– (अक्षरेपी अठ्ठाईस करोड मात्र) प्रत्याभूति सेवा प्रदान गर्न निम्न प्रत्याभूतिकर्ताहरुसँग सम्झौता गरेको छ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम, ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (ने.रु.) |
|---|---|---|---|
| १ | मुक्तिनाथ क्यापिटल लि., नक्साल काठमाडौं | २८,००,००० | २८,००,००,०००/- (अक्षरेपी अठ्ठाईस करोड मात्र) |

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य – मुख्य बूँदाहरु :**

**प्रत्याभूतिकर्तासँग भएको सम्झौताका बुँदाहरु :**

१) प्रत्याभूतिकर्ताले सम्झौता पत्रमा मन्जुर गरेको बमोजिम शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ।

२) प्रत्याभूतिकर्तालाई रु.१००/– अंकित दरको सम्झौता पत्रमा मन्जुर गरेको बमोजिम शेयरहरु बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे वापत कम्पनीले कूल प्रत्याभूत गरिएको रकमको ०.७५ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ।

३) प्रत्याभूतिकर्ताले सम्झौतापत्रको बुँदा नं. ९ अनुसार शेयर खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूत गरिएको शेयरको रकम निष्काशनकर्ता कम्पनीले माग गरेको १५ कार्यदिन भित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्न मन्जुर गर्दछ।

४) प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ।

५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

६) शेयर प्रत्याभूतिको सम्झौताको समय सम्झौता भएको मिति २०७९/०९/०५ बाट ९ महिना कायम रहनेछ।

७) यस सम्झौतापत्रको व्याख्यामा कुनै विवाद वा विभेद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ।

## ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणात्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं २९, अनामनगर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारामसाथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००,००० (एक लाख) कित्ता साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिन सक्नेछ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**१. स्थानीय बासिन्दाहरुको हकमा**

दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका स्थित घट्टेखोला जलविद्युत आयोजनाका प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् :

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४ विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।

५. बँसाईंसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अघिल्लो दिनसम्म बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा गाँउपालीकाको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी दोलखा जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन पेश गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन्।

१३. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।

१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१७. रु.५ लाख सम्मको रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।

१९. दरखास्त फाराममा अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।

**२. बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती लिई विदेशमा रही रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरीद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफ्नो रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन्।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्नेछैनन्।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँटमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिनेछ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरोशेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।

९ . रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

१०. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. खरीद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।

घ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

च. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर।

११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ।

१३. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइनेछैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

१५. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१६. शयेरको बाडँफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाडँफाँट मा परको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

१७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम ५०,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन्।

३. **सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशनगरिने साधारण शेयर निम्न बमोजिम आबेदन दिन सक्नेछन्।**

धितोपत्र खरीद गर्नका लागि दस्तखत दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance(C-ASBA) प्रणाली मार्फत् आबेदन संकलन गर्न आबद्व आस्वा (ASBA) सेवामा सहभागी बैकं तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

१) C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझीलिएको फाराम तोकिएको समयवधि भित्र (C-ASBA) प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको **मेरो शेयर (Mero Share)** मार्फत पनि आवेदन दिन सक्नेछन्।

३) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरीदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछन्।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको।

**ख) आधारभूत शेयरधनी** : कारोबार नभएको।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको।

**ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघरपरिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोबार वा सम्झौता गरेको छैन।

च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

## ग. १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

## ग. १३. सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## ग. १४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरणः

क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) लेखा परिक्षक : एस महर्जन एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेण्ट ललितपुर नेपाल ।

आ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाता नं. |
|---|---|---|
| १ | ग्लोबल आइएमई बैक लि., कमलपोखरी काठमाडौं | ३०१०१०१०००३३६० |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउन्टेण्ट एस महर्जन एण्ड एसोसिएट्स, ललितपुरबाट प्रमाणित भएको छ। शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौंले तयार गरेका हुन् । यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौलाई नियुक्त गरिएको छ।

ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः सो नभएको

## ग. १६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, तथा ग्लोबल आइएमइ बैंक लि. (साविक बैंक अफ काठमाण्डू लि) को अगुवाइमा कुमारी बैंक लि., (साविक एन सी सी बैक लि.) प्रभु बैक लि. र मुक्तिनाथ विकास बैक लि.बाट सह वित्तीयकरण ऋण व्यवस्थापन गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सम्पन्न भैसहेको छ। कम्पनीले कर्जाको रकम निम्न बमोजिम व्याज सहित त्रैमासिक रुपमा रुपमा भुक्तानी गर्नेछ।

| क्र. सं. | बैंक तथा वित्तीय संस्थाको नाम | अधिकतम स्वीकृत कर्जा सीमा | शुरुको कर्जा रकम | कर्जाको भुक्तानी अवधि | किस्ता भुक्तानीको तरिका | शुरु तथा हालको व्याज दर | हाल सम्म भुक्तान गरिएको कर्जा रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ग्लोबल आएमई बैक लि. (साविक बैंक अफ काठमाण्डू लि.) | ४०,३०,१६,६१७.३८ | ४०,३०,१६,६१७.३८ | १७ वर्ष | त्रैमासिक | ११.४९% | ९२४,०३३.०५ | ३९,३८,१०,८५४.०० |
| २ | कुमारी बैक लि. (साविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) | १९,१४,५४,४८३.९८ | १९,१४,५४,४८३.९८ | १७ वर्ष | | | २७३,९८४८.९५ | १८,८७,१४,६३४.२१ |
| ३ | प्रभु बैंक लिमिटेड | १९,१४,५४,४८३.९८ | १९,१४,५४,४८३.९८ | १७ वर्ष | | | २७३,९८४८.९५ | १८,८७,१४,६३४.२१ |
| ४ | मुक्तिनाथ बिकास बैंक लि. | १०,७६,४९,४१४.६६ | १०,७६,४९,४१४.६६ | १७ वर्ष | | | १५३९,९०९.७९ | १०,६१,०९,५०४.८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जम्मा | ८९,३५,७४,९९७.६६ | ८९,३५,७४,९९७.६६ | | | | ७९,४३,६४०.४२ | ८७,७३,४९,६२७.२९ |

**नोटः ग्लोबल आइएमइ बैंक बाट मिति २०७९ चैत्र मसान्त सम्म अल्पकालीन ऋण रकम रु ११,६१५,००.०० (अक्षरेपि एक करोड सोह्र लाख पन्ध्र हजार मात्र) थप गरियको छ।**

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको।

ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** :सो नभएको।

ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको।

घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको।

## ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले आफ्नो गुनासो समाधान तथा सुझावहरुको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा गिता पोखेललाई फोन नं:०१-४५१३४९६ मा सिधा सम्पर्क गरी तथा इमेल ठेगाना Email::info@bokcapital.com.np मा इमेल गरी गुनासो तथा सुझावहरु पेश गर्न सकिने छ।

## ग.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको।

## ग.२०.ऋणपत्र निष्काशनसम्बन्धी विवरण :

हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन।

## ग.२१.अग्राधिकार शेयर निष्काशनसम्बन्धी विवरण :

सो नभएको।

## ग.२२.अन्य सामान्य जानकारी :

क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि चार्टर्ड एकाउन्टेण्ट एस महर्जन एण्ड एशोशियट्स ललितपुरबाट प्रमाणित भएको हो। वास्तविक वित्तीय विवरणका आधारमा तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ।

ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :

| क्र. सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | श्री टेक प्रसाद चौलागाई | २०७८/७९ | हटेको | पदावधी सकिएको |
| २. | श्री राज कुमार फुयाल (लेखापरिक्षक) | २०७८/७९ | हटेको | पदावधी सकिएको |
| ३. | श्री सन्तमान महर्जन (लेखापरिक्षक) | | नयाँ नियुक्ति | |

ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता** : हुम्ला जिल्ला खार्पुनाथ गाउपालिका स्थाई ढेगाना भई हाल कामनपा ३२ कोटेश्वर बस्ने राम बहादुर शाहीलाई कम्पनी सचिवमा नियुक्त गरिएको छ। उहाको शैक्षिक योग्यता स्नातक (कानुन) रहेको छ।

घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७९ असोज २४ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको २८,००,००० कित्ता शेयर निष्काशन गर्ने निर्णय गरिएको छ। कम्पनीको सञ्चालक समितिको बैठकबाट निर्णयानुसार रु.१००/–अंकित दरको २८,००,००० कित्ता साधारण शेयर मध्ये रु.१००/–अंकित दरको ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र गौरीशंकर गाउँपालिका वडा नं.५, ६, ७ , ८, बिगु गाउँपालिका वडा नं. ०४ र कालिन्चोक गाउँपालिका वडा नं.०३ का लागि निष्काशन गरिने र बाँकी २०,००,००० कित्ता शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने गरि छुट्टाइएको छ।

ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए,सो सम्बन्धी विवरण** : सो नभएको

च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौं महानगरपालिका वडा नं २९ अनामनगर।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री वि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौं

छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये १०% अर्थात् रु. ८,००,००,०००/- (अक्षरेपी आठ करोड मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५, ६, ७ र ८ बिगु गाउँपालिका वडा नं. ४ र कालिन्चोक गाउँपालिक वडा नं. ३ का बासिन्दाहरुको लागि निष्काशन गरिएको र बाँकी २५% अर्थात् रु.२,००,०००,०००/– (अक्षरेपी बीस करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २०,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,००,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि, ५% अर्थात् १,००,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ४०,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १६,६०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ कर्मचारीको लागि छुट्टाइएको शेयर मध्ये कर्मचारीबाट बढी माग भै आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ। कर्मचारीको लागि छुट्टाइएको शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लामा कम्तिमा चार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फाराम तथा विवरणपत्र वितरण र आवेदन फाराम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ। आवश्यकता अनुसार स्वीकृती लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको **मेरो शेयर (Mero Share)** मार्फत आबेदन दिनसक्ने व्यवस्था गरिएको छ

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल काठमाडौंले मिति २०७९/०५/२९ गते "CARE-NP BB (Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ। सो रेटिङ्ग को वैधता अवधि एक वर्ष अर्थात २०८०/०५/२८ गते सम्म रहनेछ।

**ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्था बि.ओ.के. क्यापिटल मार्केट लि.नारायणचौर नक्साल, काठमाण्डौं रहेको छ।

**ड) सकारात्मक पक्षहरु :**

१. जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।
२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
३. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको।
४. उत्पादन सुरु भईसकेको हुनाले कम्पनीको भविष्य उज्वल रहेको।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकोलागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन मात्र हुनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँट पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ। उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरीदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

**त)** धितोपत्रक निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ।

**थ)** बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं।

**द) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्बन्धी विवरण।**

**क) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नको लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको** : मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम २०६७ साल साउन ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रुपमा दर्ता भै मिति २०७८ आषाढ २५ गतेदेखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ। दोलखा जिल्लामा ५ मे.वा. क्षमताको घट्टेखोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ।

**ख) प्रचलित कानुन बमोजिम लेखापरिक्षण तथा साधारणसभा सम्पन्न भएको** : आ.व. २०७८/७९ को लेखा परिक्षण तथा साधारण सभा मिति २३ कार्त्तिक २०७९ मा सम्पन्न भएको छ।

**ग) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नको लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृती लिनुपर्ने भएमा यस्तो इजाजत, अनुमति पत्र वा स्वीकृती लिईसकेको**: ५ मे.वा क्षमताको मनकामना इन्जिनियरिङ्ग हाईड्रोपावर लिमिटेडलाई उक्त आयोजना संचालनका लागि नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०७२/०३/२४ मा ५ मे.वा का लागि इजाजत पत्र प्राप्त गरेको।

**घ) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारको व्यवसाय गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निमार्ण कार्य गरिसकेको**: यस परियोजनाको लागि आवश्यक पर्ने जग्गा खरीद गरी कार्यालय भवन लगायत परियोजनाको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक रुपमा उत्पादन सुरु भईसकेको छ।

**ङ) उत्पादनको प्रवृत्ति छनोट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि खरीद प्रकृया अगाडि बढाईसकेको**: यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरीद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको।

**च) धितोपत्रको सार्वजानिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको** : मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि.ले धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा बि.ओ.के.क्यापिटल मार्केट लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्ति गरी मिति २०७८/०५/२० मा सम्झौता भैसकेको छ।

**छ) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको**: आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको छ।

**ज) संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम शत प्रतिशत चुक्ता भइसकेको**: संस्थापकले लिन कबुल गरेको मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि. ले माग गरेको धितोपत्र बराबरको सम्पूर्ण रकम निम्न मितिमा चुक्ता भइसकेको छ।

| संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम | चुक्ता गरेको मिति | कैफियत |
|---|---|---|
| ५२,००,००,००० | २८ असार २०७९ | प्रमाणित भएको पुष २१ गते २०७९ |

**झ) परियोजना निर्माणको लागि फाइनान्सियल क्लोजर भैसकेको**: ग्लोबल आईएमई बैंक लि. (सविक बैंक अफ काठमाण्डू लि.) को अगुवाइमा प्रभु बैंक लि., मुक्तिनाथ विकास बैंक र कुमारी बैंक लि. (साविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) बाट सह वित्तीयकरण परियोजना निर्माणको लागि मिति २०७२/१०/२२ मा फाइनान्सियल क्लोजर भएको छ।

**ञ) जलविद्युत उत्पादन सस्था भएमा विद्युत खरीद बिक्री सम्झौता गरिसकेको**: घट्टेखोला जलविद्युत आयोजना ५ मे.वा. को मिति २०७०/०४/२८ गते नेपाल विद्युत प्रधिकरणसंग विद्युत खरीद बिक्री सम्झौता (पि.पि.ए.) मा हस्ताक्षर भएको छ।

**ट) सर्वसाधारणको लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिएको बमोजिम प्रत्याभूति गराएको** : मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि. बाट प्रवर्धित यस परियोजनामा लगानी गर्न मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि. ले धितोपत्रको सार्वजनिक निष्काशन गर्न लागेका शेयरहरु निर्देशिकामा तोकिए बमोजिम श्री मुक्तिनाथ क्यापिटल लि.सँग मिति २०७९/०९/०५ मा प्रत्याभूतिसम्बन्धी सम्झौता भएको छ।

**ग. २३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरू ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरू पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरूको नाम तथा दस्तखत :**

| सि नं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | कृष्ण बहादुर उप्रेती | अध्यक्ष | |
| २. | श्री नारायण दत्त तिमल्सिना | संचालक | |
| ३. | श्री राधेश्याम खड्का | संचालक | |
| ४. | श्री रामहरी बजगाई | संचालक | |

## ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

संलग्न गरिएको।

"श्री नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्य गर्न स्विकृत प्राप्त"

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K. Capital Market Ltd.**
*A subsidiary of Bank of Kathmandu Limited*

कम्पनी दर्ता नं.: १४७३८३/०७२/०७३
प्यान नं.: ६०४१३९९३५

मिति : २०८०/०२/०८

च. नं : १२९१/आइएम/बिओकेसिएमएल/२०७९/८०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

B.O.K. Capital Market Ltd.

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।**

महाशय,

काठमाडौं महानगरपालिका वडा नं. १०, अनामनगरमा रजिष्टर्ड कार्यालय रहेको मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडले रु. १००/- अङ्कित दरको २८,००,००० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्नको निमित्त निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं। साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।
४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
बि.ओ.के.क्यापिटल मार्केट लिमिटेडको तर्फबाट :
नाम : अजय घिमिरे
पद : प्रमुख लगानी अधिकृत/कम्पनी सचिव
सही :

## ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

संलग्न गरिएको


Reg. No. 603 / 072-073, PAN-106324095

# S. Maharjan & Associates

## (Chartered Accountants)

Address: Gwarko, Lalitpur, Nepal
G.P.O. Box : 8975, E.P.C. No- 1518
Email: ca.santaman@gmail.com
Mobile No. : 9851170252
Phone No. : 01-5452082


M/S Mankamana Engineering Hydropower Ltd.

Anamnagar, Kathmandu

Projected: Financial Statements

Introduction

We have prepared projected financial statements of M/S Mankamana Engineering Hydropower Ltd. for financial year FY 2078/79 for the purpose of forecasting the financial results and position of the company at the end of each year.

**Our Responsibility/ Scope of Work**

Our responsibility is to estimate the financial performance and position of M/S Mankamana Engineering Hydropower Ltd. The financials forecast and assumptions are on the basis of previous year's performance in view of current scenario and as per data provided by the company. The projected figures are considered to be valid and realistic based on the assumptions, business strategy and based on our judgement. However, the future market along with internal and external forces can cause deviation on projected data.

Yours truly,

CA Santaman Maharjan
S. Maharjan & Associates
Chartered Accountants
Date: 2080/02/08
UDIN NO: 23013CA00833del8n